## आ.व . २०७९/८० को अठौँ कार्यपालिका बैठक

आज मिति २०७९।०७।०३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैटक बस्यो ।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका । |
| सदस्य सचिव | श्री | नेब बहादुर वली , राप्ती गाउँपालिका । |

### आमन्त्रित

श्री जीवराज पौडेल, पशु विकास अधिकृत

श्री धन प्रसाद शर्मा, लेखा अधिकृत

श्री विश्वास विक,शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

श्री सुवास भट्टराई, कम्प्युटर अपरेटर

श्री सिता पौडेल, रोजगार सहायक

श्री दामोदर आचार्य, अधिकृत

## प्रस्तावहरु

१. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा
२. मृत्युपछिको राहत सम्बन्धमा ।
३. पहिरोबाट प्रभावित परिवारको स्थानान्तरण तथा पुनर्निमाण सम्बन्धमा ।
४. बाढीबाट प्रभावित भौतिक संरचना मर्मत तथा पुनर्निर्माण सम्बन्धमा ।
५. नेपाल टेलिकमको क्षमता विस्तार सम्बन्धमा ।
६. कानुनी सल्लाहकार , प्रेस सल्लाहकार तथा नगर विकास समितिको पुर्णता सम्बन्धमा ।
७. आकस्मिक तथा २४ घण्टे स्वास्थ्य सेवा सञ्चालन शुल्क सम्बन्धी कार्यदल गठन सम्बन्धमा ।
८. अटो भाडा, पार्किङ स्थल र शुल्क सिफारिस सम्बन्धी कार्यदल गठन सम्बन्धमा ।
९. शौचालय प्रयोग तथा शुल्क निर्धारण सम्बन्धमा ।
१०. आखाँ स्वास्थ्य सेवा सञ्चालन सन्बन्धमा ।
११. निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धमा ।
१२. व्यवसाय दर्ता, नविकरण ,कर दाता शिक्षा अभियान सञ्चालन सम्बन्धमा ।
१३. कृषि तथा पशु सेवा सम्बन्धी कार्यक्रम सम्बन्धमा ।
१४. विविध ।

**उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।**

**निर्णय नं. १** – राप्ती गाउँपालिका वडा नं. ६ का वडा सदस्य तथा राप्ती गाउँपालिकाका सभा सदस्य स्व मुकेश कुमार चौधरी र राप्ती गापा वडा नं५ स्थायी निवासी समाजसेवी तथा स्वास्थ्यकर्मी स्व श्री विके रावतको निधन प्रति गहिरो समवेदना व्यक्त गर्दै हार्दिक श्रद्धान्जली प्रकट गरियो ।

**निर्णय नं. २-** राप्ती गाउँपालिकाका गाउँसभा सभा सदस्यको पदमा वहाल रहदैको अवस्थामा मृत्यु भएमा जनही रु १ लाख सम्म आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३-** बाढी तथा पहिरोबाट प्रभावित परिवारको स्थानान्तरण तथा पुनर्निर्माण सम्बन्धमा पुर्णरुपमा क्षति भएका परिवारको हकमा रु ५०,०००।-र घर क्षति भई बस्न नमिल्ने भएको परिवारको हकमा १०,०००।– राहत रकम प्रदान **गर्ने** ।

**निर्णय नं.४**-बाढिबाट प्रभावित भौतिक संरचना मर्मत तथा पुनर्निर्माण सम्बन्धमा अध्ययनगरीमर्मत तथा पुनर्निर्माण गर्न संघ तथा प्रदेश सरकारसंग माग गर्ने ।

**निर्णय नं.५**-नेपाल टेलिकमको क्षमता विस्तारको लागि नेपाल टेलिकमको कार्यालयतुलसीपुरलाई अनुरोध गर्ने ।

**निर्णय नं.६**-कानुनी सल्लाहकार तथा प्रेस सल्लाहकार सम्बन्धी विषय र नगर विकास समितिको पुर्णता सम्बन्धी विषय संघ तथा प्रदेश निर्वाचन पछि छलफल गर्ने गरी हाललाई स्थगित गर्ने ।

**निर्णय नं.७**– आकस्मिक तथा २४ घण्टे स्वास्थ्य सेवा सञ्चालन सम्बन्धमा १०-५ सम्मको लागि निशुल्क र बाँकी समयको शुल्क निर्धारणको विषयमा अध्ययन गरी सिफारिस गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक- अध्यक्ष, राप्ती गापा

सदस्य- सामाजिक विकास समिति संयोजक

सदस्य – डा तिलक बाबु घिमिरे

सदस्य –सावित्रा चौधरी, कार्यपालिका सदस्य

सदस्य सचिव – स्वास्थ्य शाखा प्रमुख

**निर्णय नं.८-** अटो भाडा , पार्किङ स्थल र शुल्क निर्धारण सम्बन्धी विषयमा अध्ययन गरी सिफारिस गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक- श्री कमलापति चौधरी , उपाध्यक्ष राप्ती गा पा

सदस्य- श्री सुजन विक्रम शाह, प्रहरी निरिक्षक

सदस्य- श्री वीर व चौधरी, पुर्वाधार विकास समिति संयोजक

सदस्य- प्रतिनिधी,ऐरावती अटो व्यवसायी संघ

सदस्य- प्रतिनिधी, राप्ती बस व्यवसायी संघ

सदस्य सचिव – प्रशासन शाखा प्रमुख

**निर्णय नं.९-**अटो पार्किङ स्थल र सार्वजनिक शौचालयको निर्माण तथा सञ्चालनका राप्ती गापा ५ सिसहनियामा रहेको तरकारी संकलन विक्रि केन्द्रको पछाडीको भागमा निर्माण तथा सञ्चालन गर्ने । साथै सार्वजनिक शौचालय संचालनको लागि प्रयोग वापत देहाय बमोजिमको शुल्क निर्धारण गर्ने ।

पिसाव प्रति व्यक्ति प्रत्येक पटकका लागि रु ५।-

दिशा/पिसाव प्रति व्यक्ति प्रत्येक पटकका लागि रु १०।-

**निर्णय नं.१०-**आखाँ स्वास्थ्य सेवा अन्तरगत नेपाल आँखा कार्यक्रम सञ्चालनको लागि तिलगङ्गा आखा अस्पताल काठमाडौ संग सम्झौता गर्ने तथा सेवा सञ्चालनका लागि राप्ती गापा ५ सिसहनियाको स्वास्थ्य चौकी भवनको केही कोठाहरु उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११-** राप्ती गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि २०७४ को दफा २ तथा अनुसूची ६ बमोजिमको जाँचबुझ समितिको सिफारिस बमोजिम राप्ती गापा ४ को आशु कन्सट्रक्सन प्रा लि र राप्ती गापा ४ को भद्राक्षी देवी निर्माण सेवा प्रा लिलाई घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं १२** -व्यवसायी दर्ता नविकरण तथा करदाता शिक्षा अभियान मिति २०७९।०७।१५ बाट राप्ती गाउँपालिकाको उद्योग वाणिज्य संघ र सम्बन्धित वडाको सहभागितामा कार्यतालिका बनाई संचालन गर्ने र उक्त अभियान सञ्चालनको को लागि पशु विकास अधिकृत जीवराज पौडेलको संयोजकत्वमामा देहाय बमोजिमको टोली परिचालन गर्ने ।

संयोजक      जीवराज पौडेल,  पशु  विकास अधिकृत

सदस्य      शेर वहादुर  हमाल, रिजाल पशु शेवा प्राविधिक

सदस्य      सुवास भट्टराई, कम्प्युटर अपरेटर

सदस्य सम्बन्धित  वडाको वडा सचिव

सदस्य झविलाल सुवेदी कार्यालय सहयोगी

**निर्णय नं. १३ (क)**- विकेन्द्रकरण आयोजना इकाइ वुटवल व्राट प्रप्त मेशीनको सुरक्षाको लागि टहरो निर्माण गर्न रु १० लाख विनियोजन गर्ने।

**(ख)**-प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वाख्राको नयाँ पकेट स्थापनाका लागिप्रस्ताव परेका क्षेत्रहरु वडा न ५ को पश्चिम उत्तर पहाडी क्षेत्र, वडा न ९ पुरै क्षेत्र र वडा न १ र २ को पहाडी क्षेत्रलाइ वाख्रा पकेट क्षेत्र तोकी यसै क्षेत्रवाट इच्छुक तोकिएका संस्थावाट प्रस्ताव माग गरि उपयुक्त कार्यक्रम संचालन गर्ने ।

**(ग)**-किसान सुचिकरणका लागि कृषकहरु यो कार्यक्रमवाट लाभ लिनका लागि राप्ती गापा अन्तर्गतका कर्मचारी, जनप्रतिनिधि र टोल विकास सवै तहवाट व्यापक रुपमा प्रचार प्रसार गर्ने ।

**निर्णय नं. १४**- आकस्मिक  तथा २४ घण्टे स्वास्थ्य सेवा सञ्चालन कार्यक्रमंका लागि  मेडिकल अधिकृतको अभाव भएकोले राप्ती गाउँपालिकाको कार्यालयबाट सञ्चालित उक्त परीक्षामा  वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमका आधारमा  सेवा  करार  गरी कार्य सञ्चालन  गर्ने ।